# केराबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

केराबारी, मोरङ

१ नं. प्रदेश, नेपाल

प.सं.

च.नं.:

## केराबारी गाउँपालिकाको अत्यन्त जरुरी सुचना ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको नोवेल कोरोना भाईरस (Covid-19) 'को संक्रमण पछिल्लो समयमा फैलिदै गएको ब्यहोरा विदितै छ । छिमेकी पालिकाहरुमा समेत संक्रमण समूदाय स्तर सम्म फैलिसकेको अवस्थामा केराबारी गाउँपालिकालाई यसवाट हुने संक्रमणको जोखिमबाट बचाउन यस अघि गरिएको लकडाउनको समयावधि समाप्त नभई सर्वपक्षिय सुझाव र मिति २०७७।०५।०९ गतेको पालिका स्तरिय CCMC को निर्णयानुसार केराबारी गाउँपालिका क्षेत्र भित्र मिति २०७७ भाद्र ९ गते रात्री १२ बजे देखी २०७७ भाद्र १६ गते रात्री १२ बजे सम्म बन्दाबन्दी (लकडाउन) कडाईका साथ तपशिल बमोजिम गर्ने निर्णय गरिएको हुदा सो निर्णय देहाय अनुसार कार्यान्वयन गर्न गराउनु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### तपशिल

१. स्वास्थ्य शाखा, स्वास्थ्य ईकाई स्वास्थ्य चौकी वाहेक केराबारी गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, बैंक, वित्तिय संस्था, सहकारी संस्थाहरुले दैनिक संचालन हुने सेवा वन्द गर्ने ।

२. अत्यावश्यक स्वास्थ्य सेवा, औषधी पसल, अस्पताल, क्लिनिक, एम्बुलेन्स, दमकल, शव बाहन, क्वारेन्टाइनको सवारी साधनहरुलाई आवश्यकता अनुसार आवागमनमा सहजिकरण गर्ने ।

३. तरकारी तथा दुग्ध डेरीका पसलहरु दैनिक बिहान ७ देखि ९ बजे सम्म स्वास्थ्य सुरक्षाका सबै मापदण्डहरु पालना गरी बिक्रि खुल्ला गर्ने र सो वाहेकका अन्य सवै प्रकारका पसल तथा होटल व्यवसायहरु, व्यापार व्यवसाय पुर्णरुपमा बन्द गर्ने ।केराबारी गा.पा. वाहिरवाट आयातित तरकारी विक्री वितरण गर्न पाईने छैन ।

४. मल, औषधी, पशुको दाना/ चारो ढुवानीलाई आवश्यकता अनुसार आवागमनमा सहजिकरण गर्ने ।

५. गाउँपालिकाका सबै नाकाहरु शिल गर्न सम्बन्धित वडाका सामुदायिक संस्था, टोल विकास संस्था, सहकारी संस्था, सामुदायिक वनलाई परिचालन गरिने तथा सबै नाकाहरुमा दैनिक १ जना जनप्रतिनिधिको नेतृत्वमा टोली परिचालन गर्ने । साथै परिचालित टोलीले स्वास्थ्य सुरक्षाका सबै मापदण्डहरु पालना गर्ने ।

<u>नाकाहरु:</u>

क. वडा नं १ पाटिगाउँ र वडा नं २ सिंहदेवीका आवश्यक नाकाहरु

ख. वडा नं ३ गोलग्राउन्ड नाका ।

ग. वडा नं ४ का ओखे र टाकुरे नाका ।

घ. वडा नं ५ र वडा नं ६ को चोक्टी नाका ।

ङ. वडा नं ६ र वडा नं ७ को आहाले नाका ।

च. वडा नं ८ र वडा नं १० को विश्वकर्मा मन्दिर र आमजुङ्गी नाका ।

छ. वडा नं ९ को वेलचौरी, देविझोडा र भलुवा नाका ।

केराबारी गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय,केराबारी, मोरङ, १ नं. प्रदेश, नेपाल फोन नं. ०२१-४०३११०

# केराबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

केराबारी, मोरङ

१ नं. प्रदेश, नेपाल


प.सं.

च.नं.:

६. सबै नाकाहरुमा अनुगमन समितिबाट अनुगमन गर्ने ।

७. नाकामा जवर्जस्ति गर्ने, मास्क नलगाई हिड्ने व्यक्तिलाई संक्रामक ऐन, २०२० बमोजिम कारवाही गरिनेछ ।

८. सबै नाकामा आई फर्काइएका व्यक्तिको लगत राख्नुपर्ने छ ।

९. पालिका क्षेत्र भित्र चल्ने सम्पुर्ण सवारीसाधनहरु ट्रक, टिपर, ट्याक्टर, हाइवा, ट्याम्पु, सफारी, रिक्सा मोटरसाइकल पुर्ण रुपले बन्द गर्नुको साथै अत्यावश्यक काममा निस्कने पैदल यात्रुको आवश्यक्ताको जाँच गरी सहजिकरण गर्ने र अन्य व्यक्तिलाई सडकमा ननिस्कन हुन अनुरोध गर्ने ।

१०. सम्पुर्ण नाकाहरुवाट भित्रिने सवारीसाधन र व्यक्तिहरुलाई प्रवेश निषेध गर्ने ।

११. संघिय तथा प्रदेश सरकारका सवारीसाधन चल्न दिने ।

१२. कोभिड अनुगमन, स्वास्थ्य सेवामा सहयोग पुर्याउने, विकास निर्माणका लागि अनुगमनमा प्रदेश तथा जिल्ला स्तरवाट आउने सवारीसाधनलाई आवागमनमा सहजिकरण गर्ने ।

१३. सम्पूर्ण नाकाहरुलाई पुर्ण रुपमा शिल गरिने तर मलामी, विवाह तथा मरीमराउ जस्ता घटना र गाउँपालिकाका स्वास्थ्य सेवाका कर्मचारीलाई र गाउँपालिकाले तोकेको विषेश व्यक्ति आवश्यकता अनुसार आवागमनमा सहजिकरण गरिनेछ ।

१४. नाकामा निगरानीका लागि सम्बन्धित वडा कार्यालयद्वारा खटाइएका टोलविकास संस्था, सामुदायिक संस्था, सहकारी संस्थाहरुले विहान ६:०० बजेदेखी वेलुका ७:०० वजेसम्म स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी नाकामा वढीमा १० जना व्यक्तिले उपस्थित भई निगरानी गर्नुपर्नेछ ।

मिति : २०७७ भाद्र ९ गते मङ्गलबार ।

पुन्य प्रसाद पौडेल

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत